# गौरीगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली

फोन नं. : ०९१-४१८०५९/४१८०६०
वेबसाइट : www.gaurigangamun.gov.np
ई-मेल : info.gaurigangamun@gmail.com


पत्र संख्या : २०८३/०८४
चलानी नं. :

मितिः२०८३/०६/०७

**विषयः अनुदानको रासायनिक मल बिक्रेताका लागि दर्ता/सूचीकरण गर्ने बारेको सूचना ।**

प्रस्तुत विषयमा यस गौरीगङ्गा नगरपालिका स्थानीय तह मल वितरण व्यवस्थापन समितिको मिति २०८३।०६।०१ गतेको निर्णय बमोजिम यस नगरपालिका क्षेत्रभित्र रहेका सम्पुर्ण कृषकहरुलाई सहज र समान रुपमा अनुदानको रासायनिक मल उपलब्ध गराउनका लागि वडा नं ०२, ०५, ०७ र ११ मा एक एक बिक्रेता थप गर्नुपर्ने भएकोले अनुदानको रासायनिक मल बिक्रि वितरण गर्न ईच्छुक वडा नं. ०२, ०५, ०७ र ११ भित्र रहेका कृषि सहकारी/सहकारी/फर्महरुले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिनभित्र तपसिल बमोजिमका कागजात सहित यस कार्यालयमा दर्ता/सूचीकरणका लागि आवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिन्छ ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

- सूचीकरण गरिदिने सम्बन्धमा निवेदन ।
- सहकारी संस्था सञ्चालक समितिको निर्णय।
- सहकारी संस्था दर्ता/नविकरणको प्रमाण पत्रको प्रतिलिपि।
- स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि।
- कर चुक्ता प्रमाणपत्रको प्रमाणपत्र।
- सम्वन्धित वडाको सिफारिस पत्र ।
- विगतका दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।
- नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण।
- व्यवसाय सञ्चालन हुने पसल वा गोदामघर भाडामा भए सोको सम्झौता पत्रको प्रतिलिपि।
- मल भण्डारणका लागि पर्याप्त ठाँउ भएको स्वघोषणा पत्र।
- विगत दुई वर्ष देखि कृषि उत्पादन समाग्रि वितरणमा संलग्न रहेको पूष्टयाई गर्ने कागजात।
- अनुभव, कार्यदक्षता, कार्याक्षमताको विवरण ।

गुमान सिं जोरा
कृषि शाखा प्रमुख
शाखा प्रमुख
कृषि विकास शाखा